# NOVEL CORONA VIRUS (nCOV)

## सर्बसाधारणका लागि जनचेतनामुलक संदेश

## नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
*(१००.४ °F भन्दा माथि)*



श्वास प्रश्वासमा
अत्याधिक समस्या



रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"*

## नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रुपमा साबुन-
पानीले हात धुने



खोक्दा र हाछ्युं गर्दा
नाक र मुख छोप्ने



यदि फ्लू जस्तो लक्षण
(Flu-like symptoms)
देखिएमा चिकित्सकसँग
परामर्श लिने



फ्लू जस्तो लक्षण
देखाउने जो कोहीको
सम्पर्कबाट टाढा रहने



जंगली तथा
घरेलु पशुपन्छीहरुसँग
असुरक्षित सम्पर्कबाट
टाढा रहने



पशुजन्य मासु/अन्डा
राम्रोसंग पाकेको मात्र
खाने



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
प्रदेश नं १, धनकुटा

# प्राय: सोधिने प्रश्नहरू

**नोवेल कोरोना भाइरस भनेको के हो ?**

यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन । यस भाइरसले मानिस र पशुहरुमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरुबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ ?**

नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन ।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**

सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन् । दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन् । सबैभन्दा महत्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन ।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**

मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन । हाल यस बिषयमा अनुसन्धान भइरहेको छ ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**

अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन । एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ । साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**

सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन । तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**

नोवेल कोरोना भाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन । यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरुको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ । साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
प्रदेश नं १, धनकुटा